नेपाल नागरिक उड्डयन प्राधिकरण

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको

सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/१८

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको वाहिरपट्टी canopy को दक्षिणतर्फको विस्तारित क्षेत्रमा तोकिएको २८७ बर्गमिटर स्थानमा Food court &Lounge संचालन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सम्बन्धित निकायबाट सो सम्बन्धि कारोवार गर्न ईजाजत प्राप्त गरेका ईच्छुक सस्था ,फर्म वा कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः-**

१.यो सूचना प्रकाशित भएको मितिले ३०(तीस)औं दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैक, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्बर १६९०१००००००११००६ मा रु. ११,३००/— (अक्षरेपीः एघार हजार तीनसय रुपैंया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice) नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, कम्तिमा विगत ३(तीन ) आर्थिक वर्ष(२०७७।०७८ देखि २०७९।०८०)सम्मको निरन्तर ब्यबसाय चलिरहेको कारोवार खुल्ने प्रमाण र सो अबधिको कर चुक्ता प्रमाण प्रत्र , प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको ब्यहोराको प्रमाण पत्र , मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२.बोलपत्र साथ रजिस्टर्ड फर्म-कम्पनी दर्ता प्रमाण पत्र नविकरण सहित विगत ३ वर्ष देखि निरन्तर व्यवसाय संचालन गरेको प्रमाण सहित सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त ईजाजत पत्र VAT/PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफुले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ ।

३.ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ । उक्त ५ (पाँच) वर्ष अवधिको प्न्यूनतम ठेक रकम रु.१३,९१,५१५,७१/- (अक्षरेपीः तेह्र करोड एकानब्बे लाख एकाउन्न हजार पाचसय एकहत्तर मात्र) कायम गरिएको छ ।साथै दोस्रो वर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंले निर्धारण गरेको मूल्य वृद्धि सूचंकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ ।बहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुने र सो रकम अग्रिम रुपमा किस्ता शुरुहुनु अगावै बुझाउनु पर्नेछ।

४.यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति-फर्म-संस्था वा कम्पनी र सो फर्म संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म-संस्था वा कम्पनीले सो बक्यौता फछ्यौट गरेको कागजात बोलपत्र फाराम खरिद गर्दा पेश गर्नुपर्नेछ ।

५.बोलपत्र साथ आफूले कवोल गरेको बहाल रकमको ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको रकम यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

६.बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३०(तीस) दिन भित्र खरिद गरी ३१ (एकतिस) औ दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ ।दाखिला हुन आएका बोलपत्रहरु ३१ (एकतिस) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका पनि बोलपत्र खोल्न बाधा पर्ने छैन बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयका खरिद तथा दर्ता गरिनेछ ।

७ .दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौंचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८.बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

९.रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलब्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।